## राष्ट्रिय विकास समस्या समाधान समितिको ५२औं बैठकबाट भएका निर्णयहरु

१. सबै प्रदेशमा सवारी करका दरहरुमा एकरुपता कायम गर्न प्रदेशहरु बीच समन्वय गरी संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समितिमा छलफल गरी समस्या समाधान गर्न **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**ले एक महिनाभित्र सहजीकरण गर्ने ।

२. सहकारी संस्थाबाट प्रवाह भएका ऋृण असुली सम्बन्धी मुद्दाको कारबाही किनारा गर्न कर्जा असूली न्यायाधीकरण, सहकारी संस्थामा बचत गर्ने बचतकर्ताको बचत रकमको एवं प्रवाह भएको कर्जाको समेत सुरक्षाको लागि वचत तथा कर्जा सुरक्षण कोष, कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाहमा सूचना प्राप्त गर्नको लागि सहकारी ऐन, २०७४ को दफा ८१ बमोजिम कर्जा सूचना केन्द्र र सहकारी संस्थाको नियमन एवं सुपरीवेक्षण गर्नको लागि स्वायत्त र स्वतन्त्र नियामक निकायको स्थापना र सञ्चालन गर्नको लागि **भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र अर्थ मन्त्रालय**ले सहजीकरण गर्ने ।

३. आयोजना निर्माणमा सरकारी वन क्षेत्र प्रयोग गरे वापत आयोजनाहरूले उपलब्ध गराउने जग्गाको क्षेत्रफल हदबन्दीभन्दा बढी हुने भएमा वन नियमावली, २०७९ को नियम ९१ बमोजिम नेपाल सरकारको नाममा जग्गा पास गरी राष्ट्रिय वन कायम गर्ने प्रयोजनार्थ वन तथा वातावरण मन्त्रालयसँग समन्वय गरी **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**ले आवश्यक सहजीकरण गर्ने।

४. "एक स्थानीय तहमा एक आधारभूत अस्पताल" नीति अनुरूप स्थानीय तहहरूमा निर्माणाधीन ५, १०, १५ शैय्याका आधारभूत अस्पतालहरूको श्रोत सुनिश्चितता नभएका २५९ अस्पतालहरूको आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयसँगको समन्वयमा **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**ले नियमानुसार श्रोत सुनिश्चितता प्राप्त गरी निर्माण सम्पन्न गर्ने ।

५. राष्ट्रिय निर्देशन ऐन, २०१८, समाज कल्याण ऐन, २०४९ र संस्था दर्ता ऐन, २०३४ बमोजिम भई रहेका काम कारबाहीलाई एकद्वारबाट सञ्चालन गर्न **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**ले गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयहरु बीच आवश्यक समन्वय गरी एकीकृत कानुन तर्जुमा गर्ने कार्यलाई अगाडि बढाउने ।

६. बाली तथा पशुधन बीमा कार्यक्रमका सम्बन्धमा **कृषि तथा पशुपन्छी विकास मन्त्रालय**ले अर्थ मन्त्रालय र नेपाल बीमा प्राधिकरणसँग समन्वय गरी नीतिगत र प्रकृयागत सुधारसहित बाली तथा

सचिव

डा. मीनबहादुर श्रेष्ठ
उपाध्यक्ष

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पशुधन बीमा कार्यक्रम पूर्णरुपमा कार्यान्वयन हुने सुनिश्चित गर्ने । यस्तो प्रबन्ध आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटदेखि नै हुने व्यवस्था गर्ने ।

७. कृषि क्षेत्रमा बाँदरबाट हुने क्षति न्यूनीकरण गर्न **वन तथा वातावरण मन्त्रालय**को संयोजकत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधि रहेको समितिले दुई महिनाभित्र अध्ययन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

८. विद्युत प्रशारण लाइन निर्माणका लागि जग्गा प्राप्ति, क्षतिपूर्ति व्यवस्था एवम प्रशारण लाइनले चर्चेको जमिनको छुट्टै कित्ता कायम गरी बाँकी जमिन उत्पादन र बैंक धितो प्रयोजनमा प्रयोग गर्न पाउने व्यवस्था र विद्युत उत्पादन तथा प्रशारण लाइन आयोजनामा जग्गाधनीले प्राथमिकतामा शेयर पाउने लगायतको व्यवस्था गर्ने गरी **उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**को संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, अर्थ, गृह, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि रहेको समितिले दुई महिनाभित्र सुझाव सहितको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने ।

९. विकास निर्माणको लागि आवश्यक पर्ने विष्फोटक पदार्थलाई सहज एवम् सुरक्षित रुपमा प्रयोग गर्ने सम्बन्धमा **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**को संयोजकत्वमा रक्षा मन्त्रालय र नेपाली सेनाका प्रतिनिधि रहेको समितिले अध्ययन गरी ३० दिन भित्र समाधान गर्ने ।

१०. विनियोजित बजेट खर्च गर्न अख्तियारी दिन सकिने निकाय, समिति, बोर्ड लगायतका निकायले हाल प्रयोगमा ल्याएका छुट्टै कोषहरु खारेज गर्ने, त्यस किसिमका निकायले गर्ने आम्दानी सञ्चित कोषमा जम्मा गर्ने र आवश्यक बजेट विनियोजन गरेर खर्च गर्ने व्यवस्था दुई महिनाभित्रमा **अर्थ मन्त्रालय**ले गर्ने ।

११. सुदुरपश्चिम प्रदेश राजधानी निर्माणको लागि आवश्यक पर्ने जमिन उपलब्ध गराउन **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**ले सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरी प्रक्रिया अघि बढाउने ।

१२. प्रदेशलाई आवश्यक कर्मचारी प्राप्त नहुने र आवश्यक नभएको कर्मचारी पठाउँदा कर्मचारी व्यवस्थापनमा कठिनाइ भएको हुँदा **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**ले आवश्यक व्यवस्था मिलाउने ।

१३. प्रदेशमा नेपाल प्रहरी समायोजन हुन नसकेकोले शान्ति सुरक्षा कायम राख्न, विपद व्यवस्थापनमा सुरक्षाकर्मी परिचालन र समन्वय गर्न समस्या भएको हुँदा प्रहरी समायोजनसम्बन्धी कार्य **गृह मन्त्रालय**ले अघि बढाउने ।

२०८०।१२।१५

सचिव

डा. मीनबहादुर श्रेष्ठ
उपाध्यक्ष

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं